**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 6, Volume 6, Issue 1, Dec. 2024
Solukhumbu Multiple Campus Research Development and Management Committee

# पीताम्बर नेपालीका कवितामा प्रगतिवादी चेतना

**डा. रजनी ढकाल**

*Article History : Submitted 16 Sept. 2024; Reviewed 13 Oct. 2024; Accepted 15 Dec. 2024*
*Author : Dr. Rajani Dhakal Email: binodmanjan@gmail.com*
*DOI: https://doi.org/10.3126/smcrj.v6i1.74544*

**लेखसार**

*पीताम्बर 'नेपाली' प्रगतिवादी स्रष्टा हुन् । राष्ट्रवादी स्वरसमेतका उपस्थितिबाट निर्मित प्रगतिवादी चेतनालाई उनका पेटको राँको र सिमानाको गीत कवितासङ्ग्रहका कविताले सशक्त रूपमा मुखरित गरेका छन् र त्यस प्रगतिवादी चेतनाका व्यापक फलकभित्र जन्मभूमिप्रतिको सचेत जागरुकता, सामाजिक थिचोमिचो र दमनका विरुद्धको चेतना र आफ्नो देशको सिमानाका बारेमा चिन्ता र चासोका सन्दर्भहरू विशेष रूपले प्रकट भएका छन् । यसै विशेषतालाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा प्रगतिवादी चेतनालाई आधार बनाएर पीताम्बर नेपालीका कवितामा प्रकट भएको वैचारिकीको विश्ल ेषण गरिएको छ। कविका चिन्तनलाई प्रगतिवादका आलोकमा हेरिएको भए पनि कविताको विश्लेषणमा आगमनात्मक तर्कपद्धतिसमेतको उपयोग गर्दै निष्कर्ष निकाल्ने काम भएको छ । सिमानाको गीत सङ्ग्रहमा कविले नेपाली भूमिमाथिको निरन्तर अतिक्रमणको विरोध गर्नुका साथै समयसमयमा नेपालका अनेक नाकामा भारतबाट भइरहेका त्यस्ता सीमा अतिक्रमणका वास्तविक तथ्य प्रस्तुत गरी हरेक राष्ट्रवादीलाई सचेत हुन आग्रह गरेका छन् । पेटको राँको कवितासङ्ग्रहमा सर्वहारा तथा सीमान्तीकृत समुदायका पक्षमा कवि नेपालीको प्रगतिवादी आवाज मुखरित भएको छ । यसरी प्रस्तुत अध्ययनबाट पीताम्बर नेपाली राष्ट्र, संस्कृति, प्रकृति तथा स्वाधीनताप्रति प्रतिबद्ध हुँदै यथास्थितिका विरुद्ध दृढ प्रगतिवादी चेतना प्रकट गर्ने कवि हुन् भन्ने निष्कर्ष निकालिएको छ।*

**शब्दकुञ्जी :** असमानता, राष्ट्रिय भूगोल, वर्गीय चेतना, सांस्कृतिक वैभव, स्वाधीनता

## विषयपरिचय

पीताम्बर 'नेपाली' नेपाली साहित्यमा पाँच दशकभन्दा बढी समयदेखि साधनारत स्रष्टा हुन् । उनले कविता, निबन्ध र समसामयिक विषयका विभिन्न आलेखबाट निरन्तर नेपाली साहित्यको साधना गरेका छन्। कवि नेपालीका दुईवटा कवितासङ्ग्रह *पेटको राँको* (२०२२/२०६५) र *सिमानाको गीत* (२०६५) मा नेपालको

संस्कृति, प्रकृति र नेपालको स्वतन्त्र पहिचानका साथै छिमेकी राष्ट्रले गर्ने सीमाअतिक्रमणका विरुद्ध जागरुक र जुझारु चेतना प्रकट भएको छ। पीताम्बर नेपालीका कवितामा प्रगतिवादी चेतनाको सबल अभिव्यक्ति छ र त्यसको एउटा विशेष अभिलक्षणका रूपमा राष्ट्रियताको भावना रहेको छ।

जुनसुकै व्यक्तिले आफ्नो जन्मस्थानप्रति र आफू हुर्केको माटोप्रति श्रद्धाभाव राखेको हुन्छ। ऊ आफू बाँचेको समाज र संस्कृतिप्रति भावुक र जन्मभूमिप्रति असल नागरिकको कर्तव्य पूरा गर्न चाहेको हुन्छ। कवित झन् देश र माटो सम्झेर मात्रै पनि सिर्जनाको लामो यात्रा तय गर्न सक्छ। स्रष्टाले आफ्नो माटो र भूगोललाई स्नेहले चिन्छ अनि चिनाउँछ भने उसका रचनामा राष्ट्रियताको भाव अभिव्यक्त हुन्छ। राष्ट्रियता राष्ट्रसँग सम्बद्ध हुन्छ र राष्ट्रसँग जोडिएका हरेक विषय राष्ट्रिय हुन्छन्। राष्ट्रिय भन्नु नै देशसँग जोडिएको विषय हो। आफू जन्मेहुर्केको भूमिसँग सचेत र चिन्तनशील रहेर राष्ट्रको अग्रगमनका लागि व्यक्त गरिने भावना र अभिव्यक्ति राष्ट्रिय चेतना हुन्। तर राष्ट्रिय चेतनाका तात्पर्य केवल भूगोलप्रतिको माया र चिन्ता होइन। समाज र राष्ट्रिय जीवनका समस्याप्रतिको चासो र चिन्ता पनि राष्ट्रिय चेतनाकै बृहत् फलकभित्रै आउने कुरा हो। पीताम्बर 'नेपाली' लेखनको आरम्भिक समयदेखि नै आफ्नो समाजको अवस्थाप्रति जानकार हुँदै तिनका अप्ठेरा र दुःखद स्थितिसँग गहिरो गरी गाँसिएर काव्यिक अभिव्यक्तिमा समाहित भएका छन्। समाजमा होचो अर्घेलोमा परेका पीडित वर्गप्रति सहानुभूतिशील हुँदै पीडितका आवाजलाई मलम लगाउन जुझारू भएर अघि बढेका स्रष्टा 'नेपाली'ले देश र समाजलाई अग्रगतिमा लैजाने चेतनामा जागरुक भएको देखिन्छ। समयअनुसार समाजलाई अघि बढाउन आफूले बोध गरेको समाज र त्यहाँको पछौटेपनलाई कवि 'नेपाली'ले प्रगतिवादी चिन्तनका माध्यमबाट कवितामा प्रकट गरेका छन्। पीताम्बर नेपाली बिसको दशकदेखि नै नेपाली समाजमा रहेको थिचोमिचो र अन्धमान्यताको विरुद्धमा सचेतता देखाएका स्रष्टा हुन्। उनका कवितामा प्रकट भएको प्रगतिवादी स्वर सामाजिक रुढिका विरुद्धको सचेत अभियान हो र उनको त्यो प्रवृत्ति लेखनको पछिल्लो समयसम्म पनि कायम छ। सरल भाषा र लोकभाकामा लेखिएको उनका कविताहरुको अध्ययन भने प्रगतिवादी चेतनाको कोणबाट आजसम्म हुन सकेको छैन। यसै अभावलाई दृष्टिगत गरी यस लेखमा पीताम्बर नेपालीका कवितामा प्रगतिवादी चेतनाको स्वरूप र आयाम के कस्तो छ भन्ने मूल समस्याको समाधान खोज्ने काम गरिएको छ। त्यस क्रममा 'नेपाली'का उक्त दुवै कवितासङ्ग्रहका कविताको सूक्ष्म पठन गर्दै प्रगतिवादी चेतनाका स्वरूप र आयामलाई चिनाउने विभिन्न कथ्यगत सन्दर्भहरूको पहिचान र विश्लेषण गरिएको छ। यस प्रयोजनका लागि प्रगतिवादी चेतनासँग सम्बद्ध अवधारणात्मक ढाँचाको निर्माण पनि गरिएको छ र त्यसरी निर्मित ढाँचाको उपयोग गर्दै कविताको विश्लेषण गरी निष्कर्षमा कविमा भएको प्रगतिवादी चेतनाको पुष्टि गरिएको छ।

## प्रगतिवादी चेतनाको अवधारणा र विश्लेषणको ढाँचा

प्रगतिवादी चेतना भनेको आफ्नो देशका श्रमजीवी जनता र जन्मभूमिप्रतिको संवेदनशीलता, आस्था र गहिरो सरोकार नै हो। यसले आफ्नो राष्ट्र र राष्ट्रियताको सबालमा सचेत भई आवाज उठाउँछ भने आफ्नो देशका जनता, उनीहरू बसेको भूमिको प्रकृति, संस्कृति र सभ्यताको विशाल परम्परालाई अतिक्रमण र प्रदूषणबाट मुक्त गराई समृद्ध बनाउन विशेष विचारधाराको निर्माण गर्छ। जन्मस्थान र भूगोलको सचेतनामा कसैको दबाब र अपहेलनाका विरुद्ध र त्यहाँका जनताको पक्षमा ओजिलो आवाज उठाउनु प्रगतिवादी चेतनाको

मूल स्वरूप हो । यस्तो अवधारणाले देशका सुन्दर वैभवपूर्ण संस्कृति र सभ्यतालाई मानवीयताको आडमा जगेर्ना गर्ने चेतना पनि बढाएको हुन्छ । यो यस्तो वैचारिक अभिमत हो जसले एउटा सचेत नागरिकलाई जिम्मेवारीबोध गराउँदै देशको स्वाधीनताको रक्षामा सिर्जनात्मक आवाज उठाउन प्रेरित गर्छ । प्रगतिवादी चेतनाले राष्ट्रमा रहेका नागरिकका अनेक विभेदमाथि असन्तुष्टिको आवाज मात्र उठाउँदैन समानता, स्वतन्त्रता र न्यायका लागि सचेत जागरुकताको विशेष आग्रह पनि राख्दछ । आफ्नै सांस्कृतिक अन्धोपनले अनावश्यक रूपमा बचाएका भूल र अन्धमान्यताको अन्त्य र नवसिर्जनाबाट समाजको अग्रगति र रूपान्तरणका लागि आवाज समेत उठाउँछ । कवितालाई जनसापेक्ष र साहित्यमा विशेष बनाउने सर्न्दभमा रामचन्द्र शुक्लले सुन्दर र उत्कृष्ट कविता त्यही हो जसले लोकमङ्गलको साधना गरिएको हुन्छ भनेका छन् (सिंह, सन् १९९०, पृ. १८०) । प्रगतिवादी चिन्तक नामवर सिंहका अनुसार लेखन अनुभूति त्यस्तो प्रक्रिया हो जसले हाम्रो जीवन र परिस्थितिलाई बदलिरहेको हुन्छ (पाण्डेय, सन् २००५, पृ. ६३) । नवीन अनुभूतिले लेखनबाट नयाँ दिशा निर्देश गरिरहेको हुन्छ ।

प्रगतिवादी चेतनाको मूल स्वर राष्ट्रियताको भावना पनि हो । 'राष्ट्र' शब्दलाई बहुजातीय सहिष्णुता, अन्तर्वर्गीय समानता र विभिन्न पम्परामा हुर्केका भिन्न भिन्न मतालम्बीहरूका बिचको सम दारीले उत्पन्न भावनात्मक एकताका गठबन्धनको समष्टिगत सङ्गठनका रूपमा लिइन्छ । वास्तविक अर्थमा राष्ट्र भूगोल मात्र नभएर समुदायको नाम हो । यसलाई राजनीतिक र सामाजिक संस्थाका रूपमा लिने गरिन्छ (म्याकलिन र मिलान, सन् २००९, पृ. ३५६) । यसरी हेर्दा राष्ट्रलाई भिन्न जाति, संस्कृति, तिनीहरू बीचको सहिष्णुताका रूपमा पनि चिनाउन सकिन्छ । केरले राष्ट्रलाई मानिसहरूको भावनात्मक एकताको अर्थमा चिनाएका छन । उनले अमेरिका जातीय दमनबाट मुक्त भएपछि मात्र वास्तविक अर्थमा राष्ट्र भएको दृष्टान्त प्रस्तुत गरेका छन् । केरका अनुसार आधुनिक युगमा राष्ट्रका जातीय, जनजातीय र पहिचान, वर्ग, लिङ्ग र भाषा लगायतका पक्षका आधार र यस आधारमा समुदाय र समाजमा आउने चेतना वा स्वरलाई राष्ट्रिय चेतना भनिन्छ (केर, सन् २००६, पृ. ३७९) । यसरी देशको समग्र समुदाय र तिनका सचेतनाबाट व्यक्त राष्ट्रिय भाव नै राष्ट्रिय चेतना हो । समाजका उत्पीडित जाति र वर्गका हितमा जागरुक आवाज उठाउने दृष्टि प्रगतिवादी राष्ट्रिय चेतना हो ।

प्रगतिवादी चेतना भन्नु नै समाज र आफ्नो भूमिका नागरिकप्रति समान हैसियतको जीवनशैली तथा अग्रगामी परिवर्तनको आवाज हो । यसले सामाजिक जीवनमा वर्गका अतिरिक्त वर्ण, लिङ्ग, जाति, र जातका आधारमा गरिने उत्पीडनको विरोध गर्छ (चैतन्य, २०६९, पृ. ५०) । जन्मभूमिप्रति निष्ठावान् हुँदै यसको सार्वभौमिकता र स्वाधीनताका पक्षमा व्यक्त हुने अभिमत प्रगतिवादी राष्ट्रिय चेतना हो । प्रगतिवादी स्रष्टाहरू सिर्जनालाई भावना र कल्पनाको अभिव्यक्ति नभई सामाजिक चेतना र मानवजीवनको स्थितिलाई बुझाउने चेतनशील र उपयोगी कला मान्दछन् (पौडेल, २०७२, पृ. ५०८) । यस सन्दर्भमा प्रगतिवादी राष्ट्रिय चेतनाको मूल अभिलक्षण वर्गीय समानताका लागि समाजका न्यून तहसम्म पुगेर असमानताका जड पहिचान गरी विभेदका विरुद्ध आवाज उठाउनु र राष्ट्रिय स्वाधीनताको लागि जागरुक चेतना निर्माण गर्नु हो । यसका साथै समानता र न्यायिक चेतनाका आधारमा समाजलाई गतिशील बनाउँदै सामाजिक रूपान्तरण तथा राष्ट्रनिर्माणमा समर्पित रहनु पनि यसको अभिलक्षण हो ।

प्रगतिवादी चेतनाका उपर्युक्त अभिलक्षणहरू कवितामा विभिन्न स्वरूपमा अभिव्यक्त भएको देखिन्छ। ती विविध सम्भावना र स्वयं कविकै कविताका साक्ष्यलाई हेर्दा निम्नलिखित सूचकहरूका आधारमा प्रगतिवादी चेतनाको खोजी गर्नु उपयुक्त र औचित्यपूर्ण हुने देखिन्छ :

(क) गरिबी, असमानता र पछौटेपन विरुद्धको आवाज,

(ख) राष्ट्रिय भूगोल र प्रकृतिको महिमा गान,

(ग) राष्ट्रिय स्वाधीनता र अस्मिताको चेतनासँगै अतिक्रमणप्रतिको चिन्ता,

(घ) सांस्कृतिक वैभवको चित्रण र अन्धमान्यताको विरोध।

तलका उपशीर्षकमा यिनै सूचकका आधारमा कविताको विश्लेषण गरिएको छ।

पीताम्बर 'नेपाली'का दुईओटा कवितासङ्ग्रहका अधिकांश कवितामा राष्ट्रिय चेतनाका जुझारू दृष्टिकोणहरू प्रकट भएका छन् । *पेटको राँको* कवितासङ्ग्रहका सत्ताईस ओटा कवितामा देशको सुन्दरताको वर्णन पाइन्छ। यी कवितामा नेपालीका दीन दशाको अवस्थाबाट जुझारु भएर व्यक्त भएका अनेक विचार, समाज र संस्कृतिका सुन्दर मूल्यका कुरा, समाजमा रहेका कुरूप विचारधाराप्रतिका असन्तुष्टि आदि व्यक्त भएका छन्। त्यसैगरी *सिमानको गीत* कवितासङ्ग्रहमा भारतले नेपाली भूमिप्रति गरेका मिचाहा तथ्यहरूबाट नेपाल राष्ट्रको सिमानमाको यथार्थ वर्णन गरिएको छ । साना भाइबहिनीलाई संबोधन गरी सिमाना मूल शीर्षकमा लेखिएका बाईसवटा कविता (उठ !, दार्चुला, कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी, चितवन, पर्सा, रौतहट, सर्लाही, सिराहा, सप्तरी, सुनसरी, मोरङ, झापा, इलाम, पाँचथर, ताप्लेजुङ) उपशीर्षकमा ५४ भन्दा बढी ठाउँमा भारतीय भूमिले सीमा मिचेका सन्दर्भलाई अति संवेदनशील रूपमा कवितात्मक अभिव्यक्ति दिइएको छ।

त्यसैगरी संस्कृति शीर्षकमा नयाँ वर्ष, मातृदिवस, उँभौली–उँधौली, बुद्धजयन्ती, असार पन्  , राँकेसक्राती, गुरुपूर्णिमा, गौरा पर्व, पितृदिवस, तीज, दशैँ, तिहार, छठपर्व, ल्होसार, पुसपन्  , माघेसक्राती, श्रीपञ्चमी, शिवरात्री, फागुपूर्णिमा, जन्मोत्सव बीस उपशीर्षकमा नेपाली संस्कृतिका विभिन्न पक्षको रोचक अभिव्यक्ति दिइएको छ । पीताम्बर 'नेपाली'का कवितामा प्रगतिवादी चेतनाका यिनै चिन्तनसन्दर्भको विवेचना तल गरिएको छ।

## गरिबी, असमानता र पछौटेपन विरुद्धको आवाज

पीताम्बर नेपाली समाजका वर्गीय असमानता र अन्धमान्यताका विरुद्ध जुझारु आवाज उठाउँछन्। उनको *पेटको राँको* कविता सङ्ग्रहकै नाउँबाट यसको सङ्केत प्रष्ट हुन्छ। गरिबीका कारण उठ्न नसकेका मानिसप्रति सहानुभूतिशील हुनु र राज्यव्यवस्थाको असमान नीतिका विरुद्ध स्वर उठाउनु नेपालीका कविताको मूल स्वर हो। उनी यस सङ्ग्रहका अधिकांश कवितामा समाजको गरिबीलाई अन्त्य गर्न सचेत भएर प्रस्तुत भएका छन्। समाजको असमान व्यवस्थाले निम्त्याएको निरीह अवस्थालाई चिनाउँदै गरिबका दीनदशाको जीवनलाई यसरी देखाएका छन्:

दिन र रात बोकेर भारी
पसिना आँसु बरर झारी
कमाइ गर्दा पुग्दैन भने
शरीर नाङ्गो अझै छ भने
पेटको राँको निभ्छ कसरी ? (पृ. ५१)

रात दिन काम गर्ने जुझारू श्रमिकको अवस्था कहिल्यै नउठ्ने, उनीहरूको जीवनशैलीमा कहिल्यै परिवर्तन नआउने नेपाली समाजको वर्गीय विभेदको चित्रलाई कविले यहाँ देखाएका छन् । छ महिना काम गरेर छ महिना पनि खान नपुग्ने किसान र श्रमिक वर्गप्रति राज्यव्यवस्था अन्यायी भएको ठहर यस कविताले गरेको छ । यहाँ कविले सामन्ती नीति नढलेसम्म गरिबको पालो नआउने उद्घोष गरेका छन् । गरिबीकै कारणले शिक्षा र चेतनाबाट वञ्चित हुनुपरेका नेपाली नागरिकको निरीह जीवनावस्थाले कहिल्यै नेपालको अवस्थालाई उठाउन नसकेको तर्क गरेका छन् । राज्यव्यवस्थामा रहेका हरेक शोषकको महल ढाल्नुपर्ने र शोषित आत्मा हाँस्नुपर्ने तर्क कवितामा पाइन्छ । यहाँ कविले सानोठूलोको भावना नराखेर 'बाँचूँ र बाँचौँ' भन्ने सहअस्तित्वको चेतना सबैमा आउनुपर्ने सन्देश दिएका छन् । त्यसैगरी यस सङ्ग्रहका 'एकै गरिद्यौ', 'भ्रान्ति', 'हली र गोरु', 'अघि बढ', 'जान्न घर' जस्ता कवितामा राज्य व्यवस्थाको असमान नीतिका कारण वर्गीय शोषणमा परेका गरिबको अवस्थाको चित्र खिचिएको छ । यी कवितामा कविले श्रमिक वर्गका आवाजलाई मुखरित गरेका छन् ।

नेपाली समाजमा पितृसत्ताको कारणले पहिलेदेखि दलनमा परेका र समाज व्यवस्थाको दोषका कारण दोहोरो शोषणमा परेका नेपाली नारीको अवस्थालाई पनि 'जान्न घर' कवितामा कविले मुखरित गरेका छन् । गरिबीका कारण श्रममा बाँचेका नेपाली चेलीलाई घर र माइती दुवैतिरको अवहेलना कतिसम्मको हुन्छ भन्ने कुराको चित्र कविताले कोरेको छ । यस कविताले मार्क्सवादी नारीवादी चेतनालाई मुखरित गरेको छ । आर्थिक शोषणमा परेकी नारीको पीडापूर्ण जीवन र नारीभित्र उत्पन्न भएको क्रान्तिकारी चेतलाई कविले यस कवितामा व्यक्त गरेका छन्:

छोरी बेच्ने यस्तो चलन कसले चलाइदियो ?
बाबा तिमी निष्ठुरीलाई कसले सिकाइदियो ?
मलाई दियौ खोजी खोजी दुखिया रोजेर
त्यही पनि हरे ! अझ बुङ्गो बनाएर (पृ. ४८)

माइतघरबाट गएकी एउटी गरिब चेलीको बिलौना मात्र होइन विद्रोहको स्वर यस कविताले बोकेको छ । छोरीलाई शिक्षा, चेतना र अवसरबाट वञ्चित गरी सानैमा अर्काको घर पठाई आफ्नो जिम्मेवारीबोध नगर्ने अभिभावकको सामन्तवादी सोचका विरुद्ध यस कविताले चर्को आवाज उठाएको छ । नेपाली साहित्यमा बीसको दशकमा नै कविमा आएको यो चेतना वास्तवमा निकै प्रशंसा गर्न लायक देखिन्छ । समाजमा चेतनाको लहर फैलाउन कवि नेपालीले आफ्नो कलम मार्फत् सक्दो प्रयास गरेको यो पाटो मार्क्सवादी चिन्तनका दृष्टिले विशिष्ट लाग्छ ।

परिश्रम गरी जीवन बाँच्नेले पेटभरि खान पाउने अवस्था नरहेसम्म समाज अघि बढ्दैन। देशको अवस्था सुधार गर्न सर्वप्रथम नागरिकले बाँच्ने न्युनतम अधिकार र आवश्यकता पूर्ति हुनुपर्छ। युवा र जुझारू मानिस पनि कर्ममा तबमात्रै लाग्न सक्छ जब उसको पेट भरिएको हुन्छ। यहाँ कवि पीताम्बर नेपालीले पेटको राँको अर्थात् भोकलाई मार्न पनि नसकेका गरिब जनताको पीडालाई उठाएका छन्। देश उन्नत हुनु र अगाडि बढ्नु भनेको नै नागरिकको अवस्था सुि नु हो। छ महिना श्रम गरेर एक वर्ष पनि खान नपुग्ने गरिब नेपालीको अवस्थालाई कविले यसरी देखाएका छन् :

फागुनदेखि साउनसम्म
उठाई फोका हातमा टम्म
हातमुख जोर्न पुग्दैन भने
भोकभोकै गरीब मर्दछ भने (पृ. ५१)

कविले त्यो बेलाको नेपाली समाजको वास्तविकतालाई मात्रै होइन आजको साँचो रूपलाई पनि देखाएका छन्। आज पनि नेपाली समाजका युवाहरू हातपाखुरा खियाएर पेटभरि खान पाउने स्थिति नभएरै विदेश पलायन भएका छन्। देशमा कृषि नीतिमा राम्रो सुधार नगरेसम्म, पर्याप्त उब्जनी हुने गरी उन्नत खेती प्रणाली लागू नभएसम्म देशका कर्मशील युवाहरू भोकै रहन्छन् र विदेशको मुख ताकिरहन्छन्। यहाँ कविले सामन्ती नीति नढलेसम्म गरिबको पालो नआउने प्रगतिवादी राष्ट्रिय चेतना प्रकट गरेका छन्। कवि भन्छन् :

कोटी एक बाँच्ने हावा एकै हो
हामीले पिउने पानी एकै हो
सबैको हाम्रो प्राण एकै हो
म केले ठूलो किन भएको ?
उच्च र नीचको नीति तोडिद्यौ
कोटी एकलाई एकै गरिद्यौ। (पृ. १३)

'एकै गरिद्यौ' कवितामा कविले सम्पूर्ण नेपाली नागरिकलाई एकसमान व्यवहार गरिनुपर्ने आग्रह प्रकट गरेका छन्। समाजमा विद्यमान आर्थिक असमानताले मात्र होइन सामाजिक सांस्कृतिक पछौटेपन र अन्धविश्वासले पनि जनतालाई विभेद गरेको कुरा कविले बुझाएका छन्। उनी चेतनशील भएर समाजका यस्ता छुवाछुत र विभेदी नियमको अन्त्य हुनुपर्ने विचार प्रकट गर्दछन्। यहाँ कविको प्रगतिवादी दलित चेतनाको स्वर मुखरित भएको छ।

## राष्ट्रिय भूगोल र प्रकृतिको महिमा गान

स्वदेशको सौन्दर्य जीवनको सौन्दर्य हो। राष्ट्रवादी स्रष्टा आफ्नो भूमिको सुन्दरता र महिमाप्रति गर्व गर्छन्। कवि पीताम्बर नेपाली पनि नेपाली प्रकृति र भूगोलको सौन्दर्यमा रमाउँदै यसका विविध सुन्दर छटाको बयानमा मग्न छन्। उनका पेटको राँको कविता सङ्ग्रहका 'सुन्दर देश हाम्रो', 'शान्तिको स्वर्ग', 'स्वदेश सम्झना', 'रुन्छ मन', 'वसन्त', 'छहरासित' जस्ता कविता र *सिमानाको गीत*का अधिकांश कवितामा नेपाली

भूगोलको विविध सुन्दरताको छटा वर्णन गरिएको छ । नेपालीका कविताले विविध सुन्दरताले भरिएको नेपालका हिमाल, पहाड र तराइको सुन्दरताको बयान गरेका छन् । देशको सुन्दरताको बयान गर्दै यहाँका बनपाखा, चराचुरुङ्गी, हिमाल र पहाडका जडीबुटी, शीतल जल र मङ्गल धूनका गीतका महिमा गाएका छन् :

डाँफेको साथ मुनाल कोइली साथ ढुकुर
खोला र नाला किनार चिभेको स्वर मधुर
मजुर एक्लै के हुन्थ्यो सुगा र मैना हजार
मङ्गल गीत गाउँछन् लेक र ब्याँसी मधुर (पृ. १) ।

कोशी र गण्डकीले सिँचेको नेपालका हिमालहरू रत्नका खानी हुन् । यहाँ प्राकृतिक वैभवको अनेक छटा देख्न र यसको उपयोग गर्न सकिने सङ्केत कविले गरेका छन् । यहाँका किराफट्याङ्ग्रामा पनि सङ्गीतको एउटा धून देख्छन् कवि : “झ्याउँकिरी गाउँछ बजाई बाजा सुन्दछु मजा ली, झुलुक्क आई देखाउँछे बाटो जुनकिरी उज्याली ।” नेपालको सांस्कृतिक पर्यावरणसँग कविले गौरव गर्छन् । संसारमा सबै दृष्टिले सम्पन्न देशका अनेक सुन्दरतासँग कविलाई गर्व छ। श्रमको सुख, आनन्दको नन्दन बगैँचा र संसारको सुख मिल्ने ठाउँ नेपाल नै भएको ठहर कविले गरेका छन् :

बसुँला यहीँ खनजोत गरी नेपाली माटोमा
शान्तिको स्वर्ग डाकौँला यहीँ आमाको काखमा। (पृ. ५)।

**राष्ट्रिय स्वाधीनता र अस्मिताप्रतिको चेतनासँगै अतिक्रमणप्रतिको चिन्ता**

प्रगतिवादी साहित्यकार देशको स्वाधीनता र अस्मितामा सधैँ सचेत रहन्छ। आफ्नो स्वतन्त्र देशमा अरू कसैको दबाब र हैकम सहन सक्दैन । आफ्नै अस्मिता र अस्तित्वमा रमाउने एउटा स्रष्टा देशका सीमा मिचिएको हेर्न सक्दैन। त्यसका विरुद्ध आवाज उठाउँछ। राष्ट्रिय अस्मिता र स्वाधीनतामाथिको हस्तक्षेप आज पनि नेपालमा अनेक रूपमा भइनै रहेको छ। यसका विरुद्ध कविहरूले आवाज उठाएकै छन्। समसामयिक प्रगतिवादी कविताको एउटा मूल स्वर यो पनि हो (पाण्डेय, २०७२, पृ. ३४६) । भारतीय हस्तक्षेपका विरुद्ध आवाज उठाउने कविहरूको क्रममा पीताम्बर नेपाली पनि एक हुन्। उनको *सिमानाको गीत* कवितासङ्ग्रहमा भारतीको सीमा हस्तक्षेपका विरुद्ध चेतनामूलक अभिव्यक्ति दिइएको छ। साना भाइबहिनीलाई संवोधन गरेर लेखिएको यस सङ्ग्रहका बाईसओटा कवितामा नेपालको सिमानामा भारतले गरेका अनेक हस्तक्षेपको चित्रण गरिएको छ। भारतसँग सिमा जोडिएको नेपाली भूमिका हरेक क्षेत्रमा कसरी सिमा अतिक्रमणमा परेको छ भन्ने कुरा यस सङ्ग्रहले विस्तारपूर्वक छर्लङ्ग पारेको छ। नेपालको भूगोलमा भारतीयको हस्तक्षेपको विरुद्ध आवाज उठाउँदै कविले आफ्नो स्वाधीनताको रक्षाका लागि बहस गरेका छन्। सुगौलीसन्धि हुँदै २००७ सालको दिल्ली सम्झौतामा आइपुग्दा फिरङ्गीपछि पनि फिरङ्गीहरूको प्रभुत्ववादी संस्कार भारतीय सम्भ्रान्त वर्गीय शासकहरूमा अनपेक्षित रूपमा सरेको र नेपालमाथि भारतीय हस्तक्षेप र औपनिवेशिक व्यवहार कायम रहेको तथ्य सबै नेपालीलाई थाहा भएको कुरा हो (पाण्डेय, २०७२, पृ. ३४६) । पीताम्बर नेपालीले *सिमानको गीत*मा नेपालका एक्काइसवटा जिल्लाका विभिन्न ठाउँमा नेपाली भूमि मिचिएको तथ्य अत्यन्त संवेदनशील रूपमा प्रस्तुत गरेका छन् :

एक नम्बर स्तम्भ आज कता हराएछ
मिच्दै जाने साँढेले त बाटो बनाएछ
यहाँसम्म मिचिसक्यो अरू पनि मिच्ला
चुपलागी बस्यौँ भने अझै अघि बढ्ला ! (पृ. ३)

भारतको सीमा मिच्ने प्रवृत्ति बढ्दै गएको र यसमा नेपालीहरू सचेत नभए अझ यस्तो क्रियाकलाप बढ्दै जाने अभिव्यक्ति कविले दिएका छन् । भारतको मिचाहा स्वभावलाई यहाँ कविले साँढेको शक्तिशाली विम्बका रूपमा प्रयोग गरेका छन् । नेपाली भूमिबाट बगेर गएका नदीनालाको नेपालको हित विपरीत नीति बनाएर भारतले निकै फाइदा लिएको सन्दर्भलाई कविले राष्ट्रघाति सन्धिका रूपमा चिनाएका छन् :

आमालाई बेची खाने नकचरालाई
जानीराख राष्ट्रघाती सन्धि गर्नेलाई (पृ. ८)

नेपालको हितका विरुद्ध भारतसँग नेपाली नेतृत्वबाट चालीसको दशकमा नै भएको गलत कामलाई कविले यहाँ सङ्केत गरेका छन् । नेपालका नदीनालाको भारतपरस्त सम्झौताको विरोध मात्र होइन नेपाली भूमिको रक्षा गर्न नसक्ने नेतृत्वलाई कविले नकचरा अर्थात् लाज हराएको र स्वाभिमान गुमाएको भनी आलोचना गरेका छन् । पीताम्बर नेपालीका *पेटको राँको* कविता सङ्ग्रहका 'प्रतिज्ञा', 'अवशेष', 'उठैं उठैं', 'हाम्रो कबुल' कविताहरू स्वदेशको अस्मितासँग जोडिएका स्वाभिमानी चरित्रको प्रदर्शन गर्ने रचनाहरू हुन्।

**सांस्कृतिक वैभवको चित्रण र अन्धमान्यताको विरोध**

*सिमानाको गीत* कविता सङ्ग्रहमा 'संस्कृति' मूल शीर्षकमा नेपाली समाजका अनेक संस्कृतिलाई विषय बनाई कविता लेखिएको छ । कविले नयाँ वर्ष, मातृदिवस, उँभौली उँधौली, बुद्धजयन्ती, असारे पन्द्र, राँकेसक्राती, गुरुपूर्णिमा, गौरा पर्व, पितृदिवस, तीज, दशैँ, तिहार, छठपर्व, ल्होसार, पुसपन्द्र, माघेसक्राती, श्रीपञ्चमी, शिवरात्री, फागुपूर्णिमा, जन्मोत्सव जस्ता कवितामा नेपाली संस्कृतिका अनेक वैभवको चित्र खिचेका छन् । त्यसैगरी *पेटको राँको* कविता सङ्ग्रहको 'प्रायश्चित्त' कविताले "हर हर हर गङ्गे पाप मेरो सबै हर, कुलत जति मेरो जिन्दगीमा सबै हर" (पृ. ३२) भन्दै नेपाली संस्कृतिको गङ्गा स्नान गर्ने परम्परासँग मानिसका चेतना सधैँ अग्रगामी हुनुपर्ने धारणा प्रकट गरेका छन् । कवि नेपाली यस सङ्ग्रहका कवितामा संस्कृतिका बहुविध रङ र मान्यताका विशेष ज्ञाता र उपासक भएका छन् । नेपालभित्र बसोबास गर्ने विभिन्न जातजातिका अनेक संस्कृतिका बारेमा वस्तुगत ज्ञान राख्दै तिनका बारेको कवितात्मक अभिव्यक्तिमा कवि रमाएका छन् । उनका कवितामा समाज र प्रकृतिका अनेक संवेदनासँग जोडिएका नेपालका अनेक सुन्दर संस्कृति प्रकट भएका छन् । कवि नेपालका विभिन्न जातजातिका संस्कृतिलाई समान सम्मान दिँदै तिनको पालनामा नै आफ्नो परम्परा र जातिको परिचय बाँच्ने विचार दिन चाहन्छन् । त्यसैगरी संस्कृतिका नाउँमा समाजका अन्ध मान्यताको विरोध गर्ने कविले नेपालीले सम्पूर्ण नेपाली जातिलाई आफ्नोपन बचाउन सचेत भएर जीवन बाँच्नुपर्ने आग्रह गरेका छन् । 'शिवरात्रि' कवितामा उनले शिवधुनी बाल्नुको अर्थ विसङ्गति र विकृतिलाई जलाउनु हो भनेका छन् :

एक भई सबै मिली भेदभाव त्यागी
विकृति र विसङ्गति सबै पोको पारी
शिवधुनी लगाएर भस्म बनाउँला
जगत यो शिवमय छिटै बनाउँला। (पृ. ६०)

शिव अर्थात् कल्याणको भावनालाई उनले समाजको समानतासँग जोडेर व्याख्या गरेका छन् । सबैको एकताले देश बन्छ भन्ने विश्वास कविलाई छ। समाजका विकृति र विसङ्गतिका विरुद्ध उठ्ने चेतना कविमा पाइन्छ । समाजको विसङ्गतिको पाटोलाई कविले शिवरात्रिका अवसरमा लगाइने शिवधुनीलाई माध्यम बनाउन चाहेका छन् । यसरी नै कविले सामाजिक संस्कृतिका अनेक पक्षलाई विम्ब र प्रतीकमा प्रयोग गरी कवितालाई सशक्त र प्रतीकात्मक बनाएका छन्।

पीताम्बर 'नेपाली' नेपाली भूमि, राष्ट्रियता र जातीय पहिचानमा गौरव गर्ने स्रष्टा हुन् । माथि विश्लेषित उनका दुवै कविता कृतिमा राष्ट्र र जातीय पहिचानका मुद्दाहरूले स्थान पाएका छन् । समाजमा रहेको वर्गीय विभेदका विरुद्धमा कविका विचार प्रखर भएका छन् । निम्न वर्गका पक्षमा उनले सहानुभूतिसँगै विद्रोहको आवाज प्रकट गरेका छन् । महिलामाथि विभेदी व्यवहार गर्ने तथा परम्परागत सोच राख्ने समाजलाई सचेत बनाउन कविको चेतना कविताका माध्यमबाट अगाडि बढेको छ। सत्ता र शक्तिका आडमा वर्चस्व कायम गरी सीमा अतिक्रमण गर्ने छिमेकीको कुचेष्टाका विरुद्ध कविले प्रखर आवाज बनाउँदै कवितामा माध्यमबाट प्रतिरोधी चेतना निर्माण गर्ने काम गरेका छन्।

## निष्कर्ष

कवि पीताम्बर 'नेपाली' राष्ट्रियताप्रति संवेदनशील रहेर सामाजिक परिवर्तनलाई अग्रगामी मोड दिन चाहने प्रगतिवादी स्रष्टा हुन् । उनका कवितामा देशप्रेमका अनेक आयाम र स्वरूप प्रगतिशील चेतनासहित प्रकट भएका छन् । उनले कविताबाट नेपाल देश र आ  नो जन्मभूमिलाई सम्मानको भावले चिनाएका छन् । कवि 'नेपाली'मा नेपाली समाजका अनेक समस्या र विसङ्गतिका विरुद्ध जुझारु भएर अघि बढ्ने प्रगतिवादी दृष्टिकोण पनि उत्तिकै सघन रूपमा रहेको छ । पीताम्बर 'नेपाली'ले नेपाल आमाको अस्तित्वलाई माया गरेर यसमा आएका अनेक सङ्कट र समस्यामाथि सचेत हुँदै कवितामा उच्चस्तरका भावुक, वैचारिक र अनेक तीक्ष्ण तथ्यगत अनुभूति व्यक्त गरेका छन् भने नेपाली जनताको अवस्थामा सुधार ल्याउन तथा सामाजिक रूपान्तरण गर्नका लागि राज्यव्यवस्थाका नीति, सामाजिक मान्यता र सांस्कृतिक परम्पराप्रतिको आलोचनात्मक स्वरलाई प्रखर रूपमा व्यक्त गरेका छन् । यसबाट उनी नेपाली समतावादी समाजको स्थापनामा विश्वास राख्ने तथा समाजका पीडित वर्गप्रति सहानुभूतिपूर्ण आवाज प्रकट गर्ने प्रगतिवादी स्रष्टा हुन् भन्ने स्पष्ट हुन्छ।

पीताम्बर नेपालीले नेपालका संस्कृति, प्रकृति र अनेक वैभवपूर्ण सम्पदाको महिमा गायन पनि गरेका छन् भने आफ्ना कवितामा सीमान्तीकृत जातिका पक्षमा आवाज उठाउँदै समाज परिवर्तनको सशक्त चेतना पनि व्यक्त गरेका छन् । उनी कवितामा सामाजिक अन्धमान्यताका विरुद्ध लाग्न सबैलाई आग्रह गर्छन् । *सिमानाको गीत* कवितासङ्ग्रहमा कविले भारतबाट समयसमयमा नेपालका अनेक नाकामा भइरहेको सीमा अतिक्रमणको वास्तविक तथ्यलाई कवितामा प्रस्तुत गरी नेपाली भूमिमाथिको निरन्तर सीमा अतिक्रमणको विरोध गर्दै हरेक

राष्ट्रवादीलाई सचेत हुन आग्रह गरेका छन् । यसरी उनले नेपालको स्वाधीनताको रक्षाका लागि सिमानामा पटक–पटक हस्तक्षेप गरिहेको छिमेकी देशको मिचाहा नीतिका विरुद्ध आवाज उठाएर राष्ट्रवादी चेतनाको अभिव्यक्ति गरेका छन् । समग्रतः पीताम्बर नेपाली राष्ट्र, संस्कृति, प्रकृति तथा स्वाधीनताप्रति प्रतिबद्ध हुँदै यथास्थितिका विरुद्ध दृढ प्रगतिवादी चेतना प्रकट गर्ने कवि हुन् र उनको परिचय प्रगतिवादी राष्ट्रिय चेतनाका प्रखर स्रष्टाका रूपमा स्थापित भएको छ भने सामन्तवादी राज्यव्यवस्थाका विरुद्धमा बिसको दशकमा नै जुझारू कविता लेखेका उनका कवितामा प्रगतिवादी चेतना उत्तरोत्तर प्रखर बन्दै गएको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ।

## सन्दर्भ सामग्रीसूची

केर, क्याथलिनन (सन् २००६). *'रेस, नेसन एन्ड इथ्निसिटी', लिटररी थियोरी एन्ड क्रिटिसिजम्* (पेट्रिसिया वा. सम्पा.) अक्सफोर्ड युनिभर्सिटी प्रेस। .

चैतन्य (२०६९). *माक्सवादी सौन्दर्य चिन्तन.* साझा प्रकाशन।

नेपाली, पीताम्बर (२०६५). *पेटको राँको* (दोस्रो संस्क.). श्रीमती राज्यलक्ष्मी शर्मा र विष्णुमती शर्मा ।

नेपाली, पीताम्बर (२०६५). *सिमानाको गीत.* श्रीमती राज्यलक्ष्मी शर्मा र विष्णुमती शर्मा।

पाण्डेय, ताराकान्त (२०७२). 'समकालीन नेपाली प्रगतिवादी कविताको वैचारिक अन्तर्वस्तु'. *प्रज्ञा समकालीन नेपाली कविताविमर्श* (अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम सम्पा.). नेपाल प्रज्ञाप्रतिष्ठान।

पाण्डेय, मैनेजर (सन् २००५). *आलोचना की सामाजिकता.* वाणी प्रकाशन।

पौडेल, हेमनाथ (२०७२). 'समकालीन नेपाली प्रगतिवादी कवितामा सौन्दर्य चेतना'. *प्रज्ञा समकालीन नेपाली कविताविमर्श* (अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम सम्पा.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

म्याक्लिन, इयान एन्ड अलिस्टेयर मे मिलान (सन् २००९). *अक्सफोर्ड कन्साइस डिक्सनरी अफ पोलिटिक्स.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

सिंह, नामवर (सन् १९९०). *कविता के नये प्रतिमान.* (चतुर्थ संस्क.). राजकमल प्रकाशन ।